# प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकास

**केशव भुसाल**
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.
keshabbhusal.tu@gmail.com
**Received Date:** March 19, 2024; **Reviewed Date:** June 18, 2024;
**Accepted Date:** August 25, 2024

**लेखसार**

*प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञानको अनुसन्धानमा आधारित रहेको छ। यसअन्तर्गत प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र यसको ऐतिहासिक विकासक्रमको सूक्ष्म अन्वेषण गरिएको छ। प्रायोगिक भाषाविज्ञानको प्राचीन पृष्ठभूमि पहिचान गर्नु, प्रायोगिक भाषाविज्ञानको युरोपेली र अमेरिकी पृष्ठभूमिको अध्ययन गर्नु, र यसको विकासक्रम पत्ता लगाउनु प्रस्तुत अध्ययनका मूलभूत उद्देश्यका रूपमा रहेका छन् । यो अध्ययन मूलतः गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । यस अध्ययनमा ऐतिहासिक अध्ययन विश्लेषण पद्धतिको अनुप्रयोग गरिएको छ। प्रस्तुत अध्ययनमा आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय अध्ययन विधिका माध्यमबाट गरिएको छ । यस क्रममा द्वितीयक स्रोतका सामग्रीहरूको प्रयोग गरिएको छ। जसअन्तर्गत अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूको उपयोग गरिएको छ। यस अध्ययनबाट प्रायोगिक भाषाविज्ञानको इतिहास प्राचीन समयमा गरिएका व्याकरणिक (ग्रामेटिककल) र वाक्सौन्दर्यात्मक/आलङ्कारिक (रिटोरिकल) अध्ययनसँग सम्बन्धित रहेको भए पनि सन् १९४१ मा अमेरिकाको मिसिगन विश्वविद्यालयमा 'इङ्लिस ल्याङ्ग्वेज इन्स्टिच्युट' को स्थापना भएसँगै यसको प्रारम्भ भएको, पृष्ठभूमिगत दृष्टिले यसको विकास युरोपेली र अमेरिकी प्रायोगिक कार्यसँग सम्बन्धित रहेको तथा विकास चाहिँ सन् १९५० को दशकपछि भएको लगायतका निष्कर्ष निकालिएको छ। प्रस्तुत अध्ययन प्रायोगिक भाषाविज्ञान, यसको पृष्ठभूमि र विकासक्रमबारे जानकारी लिन चाहने जोकोहीका लागि पनि उपयोगी हुने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जी**: अन्वेषण-परम्परा, प्रायोगिक भाषाविज्ञान, भाषाप्रयोग, भाषिक अध्ययन, भाषिक चिन्तन ।

## विषयपरिचय

भाषाको प्रयोग पक्षमा आधारित भई गरिने अध्ययनलाई प्रायोगिक भाषाविज्ञान भनिन्छ। यसलाई भाषा प्रयोगका विभिन्न क्षेत्रमा देखा परेका समस्या समाधानका लागि विकसित विधाका रूपमा लिइन्छ। ब्रुम्फिट (सन् १९९७) का अनुसार प्रायोगिक भाषाविज्ञानले वास्तविक संसारका समस्याको सैद्धान्तिक र प्रयोगात्मक खोजलाई जनाउँदछ। जसमा भाषा केन्द्रीय वा मुख्य मुद्दाका रूपमा रहेको हुन्छ। यसले सैद्धान्तिक भाषाविज्ञानद्वारा विकसित सिद्धान्त, विधि र निष्कर्षको अनुप्रयोगद्वारा भाषिक समस्याहरूको पहिचान र समाधान गर्दछ। प्रायोगिक भाषाविज्ञानलले परम्परागत रूपमा दोस्रो र विदेशी भाषाशिक्षण तथा त्यसनिबद्ध समस्याहरूको समाधानलाई मात्र जनाएको पाइन्छ। बन्स (सन् २०१०) का अनुसार "केही

समय पहिलो, दोस्रो र विदेशी भाषा शिक्षण प्रायोगिक भाषाविज्ञानका पर्यायवाचीका रूपमा थिए" (पृ ४)। जसको मुख्य उद्देश्य दोस्रो र विदेशी भाषाको सिकाइ र शिक्षणको अध्ययन गर्नु, भाषा सिकाइ र शिक्षणका समस्या पहिचान गर्नु र समस्या समाधानका लागि प्रयोगात्मक चरण वा तरिका पत्ता लगाउनु रहेको थियो भने मुख्य जोड शिक्षक तालिम र शिक्षण, सामग्री विकास, परीक्षण र मूल्याङ्कन लगायतमा रहेको थियो। आधुनिक दृष्टिमा चाहिँ यसले भाषा प्रयोगका समग्र क्षेत्रहरूलाई समेट्दछ। जसअन्तर्गत सङ्कथन विश्लेषण, शैलीविज्ञान, कोशविज्ञान, अनुवाद विज्ञान, प्रकरणार्थविज्ञान, वाक्चिकित्सा, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, साक्षरता अध्ययन, भाषा नीति र योजना, द्विभाषिकता, बहुभाषिकता, कुराकानी विश्लेषण, साङ्केतिक भाषाविज्ञान लगायत पर्दछन्। प्रायोगिक भाषाविज्ञान, यसको पृष्ठभूमि र विकासको अध्ययन समकालीन सन्दर्भमा पनि उत्तिकै आवश्यकीय क्षेत्रका रूपमा रहेको छ। यस सम्बन्धमा नेपालमा गरिएका अध्ययन अनुसन्धानले आवश्यक वस्तुगत सूचनाहरू यथोचित रूपमा उजागर गर्न नसकेकाले यसको अध्ययनीय आवश्यकता देखापरेको हो। यस अध्ययनबाट प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकासबारे तथ्यपरक जानकारी प्रस्तुत हुने भएकाले यो अध्ययन नवीन हुने विश्वास गरिएको छ। प्रस्तुत अध्ययनको मुख्य समस्या प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकास रहेको छ। यसका सहायक समस्याका रूपमा प्रायोगिक भाषाविज्ञानको प्राचीन पृष्ठभूमि, प्रायोगिक भाषाविज्ञानको युरोपेली पृष्ठभूमि, प्रयोगिक भाषाविज्ञानको अमेरिकी पृष्ठभूमि र प्रायोगिक भाषाविज्ञानको विकास रहेका छन्। प्रस्तुत अध्ययनको मुख्य उद्देश्य प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकासको अध्ययन गर्नु रहेको छ। यसका अन्य उद्देश्यहरूमा प्रायोगिक भाषाविज्ञानको प्राचीन पृष्ठभूमि पत्ता लगाउनु, प्रायोगिक भाषाविज्ञानको युरोपेली र अमेरिकी पृष्ठभूमिको अध्ययन गर्नु र प्रायोगिक भाषाविज्ञानको विकासक्रम प्रस्तुत गर्नु रहेका छन्।

## अध्ययनविधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ। यस अध्ययनमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ। प्रस्तुत अध्ययनका क्रममा पुस्तकालयीय विधिका माध्यमबाट आवश्यक सामग्रीहरूको सङ्कलन गरिएको छ। यस क्रममा प्रायोगिक भाषाविज्ञानका बारेमा चर्चा गरिएका अङ्ग्रेजी सैद्धान्तिक सामग्रीहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा प्रायोगिक भाषाविज्ञानको विकासक्रम चर्चाका क्रममा कालक्रमिक तौरतरिकालाई अवलम्बन गरिएको छ। यस क्रममा विभिन्न शीर्षक, उपशीर्षकमा आवश्यक तथ्यहरूको व्याख्या विश्लेषण गरिएको छ।

## व्याख्या-विश्लेषण

प्रायोगिक भाषाविज्ञानको उत्पत्ति सामान्यतया सन् १९४१ मा अमेरिकाको मिसिगन विश्वविद्यालयमा 'इङ्लिस ल्याङ्ग्वेज इन्स्टिच्युट' को स्थापना भएसँगै प्रारम्भ भएको हो भने 'अप्लाइड लिङ्ग्विस्टिक्स' (Applied Linguistics) पदावलीको प्रथम प्रयोग सन् १९४८ मा प्रकाशित *ल्याङ्ग्वेज लर्निङ्ः अ क्वाटर्ली जर्नल अफ अप्लाइड लिङ्ग्विस्टिक्स* (Language learning: A Quarterly Journal of Applied Linguistics) बाट भएको हो । वस्तुतः दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) पछि आधुनिक भषाविज्ञानका क्षेत्रमा तीव्रतर विकास प्रारम्भ भएसँगै यसको विकास आरम्भ भएको मानिन्छ । डिभाइस र क्याथ्रिन (सन् २००४) का अनुसार "प्रयोगिक भाषाविज्ञानको विकास सन् १९५० को उत्तरार्धमा भएको हो ।" सामान्य भाषाविज्ञानको जगबाट प्रारम्भ भई भाषाशिक्षणमा केन्द्रित हुँदै विस्तीर्ण बन्न पुगेको प्रायोगिक भाषाविज्ञान भाषा प्रयोगका बहुविध क्षेत्रहरूलाई समेट्दै छाता पदावलीका रूपमा व्यवहृत हुन पुगेको छ । यसले बिसौं शताब्दीको मध्यबाट संस्थागत रूपमा समुन्नत हुने अवसर प्राप्त गरेको छ । यद्यपि प्रायोगिक भाषाविज्ञानलाई जनाउने शब्दको प्रयोग र यसको विकासक्रमिक इतिहास भने लामो रहेको छ । प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकासको अध्ययनमा आधारित प्रस्तुत अध्ययनमा यी पक्षहरूको चर्चा निम्नानुसारका उपशीर्षकहरूमा गरिएको छ :

## प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि

मानवसभ्यताको विकासक्रमसँगै भाषाको प्रयोग व्यवहार प्रारब्ध भएको भए पनि यसको अध्ययन विश्लेषण भने धेरै पछि भएको पाइन्छ । भाषिक अध्ययन, अन्वेषणको परम्परा खोज्दै जाने हो भने पूर्वीय र पाश्चात्य भाषिक चिन्तनको परम्परासम्म पुग्नुपर्ने हुन्छ । जहाँ भाषिक अध्ययनका प्रायोगिक गतिविधिहरूको छनक पाउन सकिन्छ । त्यसो त युरोप र अमेरिकामा भएगरेका भाषा प्रयोगसम्बद्ध विभिन्न कार्यहरूलाई जोडेर पनि प्रायोगिक भाषाविज्ञानलाई नियाल्न सकिन्छ । यिनै वस्तुगत आधारका आधारमा प्रयोगिक भाषाविज्ञानको पृष्ठभूमिलाई निम्नानुसार तीन खण्डमा वर्गीकृत गरी चर्चा गर्न सकिन्छ :

## प्रायोगिक भाषाविज्ञानको प्राचीन पृष्ठभूमि

प्रायोगिक भाषाविज्ञानको इतिहास खोज्दै जाने हो भने प्राचीन समयमा गरिएका व्याकरणिक ( ग्रामेटिककल) र वाक्सौन्दर्यात्मक/आलङ्कारिक (रिटोरिकल) अध्ययनसम्म पुग्नुपर्ने हुन्छ । क्याटफोर्ड (सन् १९९८) का अनुसार प्रायोगिक भाषाविज्ञानको अवधारणा र भाषाको संरचनात्मक अध्ययनका बिचको भिन्नता भारत, बेबिलोनिया र ग्रिसमा क्रमशः दोस्रो, तेस्रो र चौथो शताब्दीभन्दा पहिलेदेखि नै पाउन सकिन्छ । तत्बखत व्याकरणकारहरू शिक्षणको क्षेत्रमा गरिने भाषिक प्रयोगको अध्ययनमा व्यस्त रहेका थिए । यद्यपि प्रायोगिक भाषाविज्ञानको विस्तृत अर्थचाहिँ आलङ्कारिक (रिटोरिकल) अध्ययनमा पाउन सकिन्छ । जसले भाषा र

भाषिक उत्पादनलाई त्यसको कार्यसँग सम्बन्धित तुल्याएर परीक्षण गर्दछ। क्यानडी (सन् १९९८) का अनुसार यस अवधारणाको प्रयोग व्यवहार भारतमा आठौं शताब्दीबाट, चिनमा चौथो र पाँचौँ शताब्दीको बिचबाट, ग्रीसमा पाँचौं शताब्दीदेखि र इजिप्टमा दोस्रो शताब्दीको सुरुदेखि प्रारम्भ भएको हो। प्राचीन सभ्यताका चिन्तकहरूले एकअर्काबाट अलग्गै ( सम्पर्कविहीन) रहेर पनि विभिन्न भाषासँग सम्बन्धित मुद्दा र तिनको प्रयोग व्यवहारमा रुचि राखेर अध्ययन, अनुसन्धान गरेको देखिन्छ। यस क्रममा कुराकानी वा संवादको विकास र शैली, कुराकानी/संवाद र ज्ञानका बिचको सम्बन्ध अध्ययन गरिएको तथ्य पाइन्छ। त्यसबेला तार्किक विचारको निर्माण, श्रोताको प्रभावपरक प्रतिक्रिया, बोली वा संवाद उत्पादन कलाको शिक्षणका अतिरिक्त प्राचीन भारतीय, ग्रीसेली र चिनिया चिन्तकहरू ज्ञान र सत्यको अध्ययनमा पनि केन्द्रित रहेको मानिन्छ। समयको क्रमसँगै ग्रीसेली र रोमेली बोद्धिक परम्पराले विश्वका अधिकांश स्थानहरू प्रभावित भएपछि व्यापक रूपमा पश्चिमी अभिव्यक्ति वा व्याख्याको अध्ययन गर्न थालिएको देखिन्छ। पाँचौं शताब्दीपूर्व ग्रीसेली-रोमेली दार्शनिक तथा विद्वान्हरूको समूह (सोफिस्ट/बेतनबद्ध दार्शनिक वा विद्वान्हरू) ले जीवनका विविध पक्षमा आधारित भई भाषिक स्वरूप र कार्यबारे अध्ययन गरेको पाइन्छ। भारतीय र चिनियाँ विद्वान्हरूले जस्तै ग्रिसेली विद्वान्हरूले पनि राजनीति, कानुन, मूल्यमान्यता, भाषिका र अन्य क्षेत्रको अध्ययनमा जोड दिएको देखिन्छ। अध्ययन अनुसन्धानको यस क्षेत्रलाइ प्लेटो र सुकरातका चिन्तनले पनि अघि बढाएको मानिन्छ। ग्रीसेली सन्दर्भमा आलङ्कारिक (रिटोरिकल) अध्ययन एरिस्टोटलबाट थप विकसित भएको देखिन्छ। ग्रिसेली-रोमेली परम्परामा विचार, सङ्गठन, शैली, स्मरण, प्रस्तुति भाषाशिक्षण आदिमा आधारित भई संवाद उत्पादनको प्रक्रिया अध्ययन गर्न थालिएको पाइन्छ। सत्रौं, अठारौं शताब्दीमा आधुनिक विज्ञानको विकासले गति लिन थालेपछि भाषिक शैली र भाषणको अध्ययनमा बढी जोड दिन थालिएको देखिन्छ। यद्यपि बिसौं शताब्दीको सुरुसम्म पनि आलङ्कारिक (रिटोरिकल) अध्ययनले मुख्य अध्ययनका रूपमा स्थान पाएको देख्न सकिन्छ। जसले भाषाको माध्यमबाट गरिने ज्ञानको सिर्जनालाई भन्दा प्रस्तुति अध्ययनलाई जोड दिएको छ।

## प्रायोगिक भाषाविज्ञानको युरोपेली पृष्ठभूमि

शब्दप्रयोगका दृष्टिले प्रायोगिक भाषाविज्ञान (अप्लाइड लिङ्ग्विस्टिक्स) नवीन लागे पनि यसको व्यवहार भने निकै पुरानो रहेको छ। वस्तुतः प्रायोगिक भाषाविज्ञान सामान्य भाषाविज्ञानसँग सम्बन्धित भएर १९ औं शताब्दीमा युरोपमा विकसित भएको देखिन्छ। जतिबेला भाषाविज्ञानले फिलोलजी (भाषाको संरचना, ऐतिहासिक विकार र सम्बन्धसँग सम्बन्धित अध्ययन) बाट भिन्न भएर स्वतन्त्र र वैज्ञानिक शाखाका रूपमा मान्यता पाउँदै थियो। वास्तवमा प्रायोगिक भाषाविज्ञानको प्रारम्भिक छलफलले १९ औं शताब्दीमा भारोपेली ( इन्डोयुरोपियनिस्ट) भाषावज्ञैज्ञानिकहरूका बिच स्थान लिएको देखिन्छ। यस समयमा डेनमार्कका भाषावैज्ञानिक रास्मस रास्क (सन् १७८७-१८३२, जसलाई तुलनात्मक

भाषाविज्ञानका पिता मानिन्छ) को प्रभाव परेको देखिन्छ। ग्रेगर्सन (सन् १९९१) का अनुसार रास्कले भाषाविज्ञान (जुन भाषिक नियम पहिचानसँग सम्बन्धित छ) र प्रायोगिक भाषाविज्ञान (जुन शब्दकोश उत्पादन र व्याकरण शिक्षणसँग सम्बन्धित छ) का बिचको भिन्नता निर्धारण गरेको पाइन्छ। क्याटफोर्ड (सन् १९९८) का अनुसार प्रायोगिक भाषाविज्ञान वा यसलाई जनाउने समान पदावलीको प्रयोग रसियन, फ्रेन्च भाषामा भारोपेली विद्वान्हरूले जस्तै जान बाउडेन दि कुर्तने, हर्मन हार्ट र पउल रेग्नडले गरेका थिए। यस समयमा प्रायोगिक भाषावैज्ञानिकहरूको उद्देश्य भाषाविज्ञानलाई पहिलो भाषा र दोस्रो भाषा आर्जनका रूपमा अन्य विज्ञानका क्षेत्रमा प्रयोग गर्नु थियो। यस क्रममा कुर्तनेले स्वघोषित रूपमा अन्तर्राष्ट्रिय एक्जुलरी भाषाहरू (भिन्नभिन्न मातृभाषीहरूका लागि सम्पर्क भाषाका रूपमा विकसित भाषा, पिजिनसरह) को चित्रण गरेको पाइन्छ।

प्राचीन प्रायोगिक भाषाविज्ञानको अर्को पक्ष सुधार आन्दोलन (रिफर्म मुभमेन्ट) हो। जसलाई विशेषतः सन् १८८०-१८९० को दशकमा आधुनिक भाषालाई जीवित भाषाका रूपमा स्वीकार गरी शिक्षण गर्नुपर्ने मान्यतामा आधारित आन्दोलनका रूपमा लिइन्छ। यस आन्दोलनपूर्व आधुनिक भाषाहरूलाई प्राचीन र मृत भाषाका रूपमा शिक्षण गर्ने प्रचलन थियो भनिन्छ। यस आन्दोलनमा खासगरी इङ्ल्यान्डका हेनरी स्वीट, फ्रान्सका पउल पासी, डेनमार्कका अट्टो यस्पर्सनको महत्वपूर्ण योगदान रहेको देखिन्छ। यद्यपि यी सुधारवादीहरूले 'अप्लाइड लिङ्ग्विस्टिक्स' पदावलीको प्रयोग भने गरेनन्। तथापि सैद्धान्तिक र प्रयोगात्मक भाषिक अध्ययनका बिच उपयुक्त भिन्नता चाहिँ प्रस्तुत गरे। पासी (सन् १९२९) का अनुसार यस समयमा सुधारवादीहरूले अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला प्रकाशित गरेर भाषाशिक्षणसम्बन्धी सिद्धान्तलाई ध्वनिविज्ञान र यसको प्रयोगका रूपमा सारांशीकृत गरे। त्यसो त यस्पर्सनले पनि आफ्नो भाषावैज्ञानिक ज्ञानलाई अन्तर्राष्ट्रिय एक्जुलरी भाषाको विकासमा उपयोग गरे। जसलाई नोभिएल (विभिन्न मातृभाषाका वक्ताहरूको सञ्चारका लागि निर्मित अन्तर्राष्ट्रिय भाषा) भनिन्छ। प्रायोगिक भाषाविज्ञानको अर्को महत्वपूर्ण परम्परा बिसौं शताब्दीको सुरुमा देखापर्‍यो। जुन इङ्ग्ल्यान्डका भाषावैज्ञानिक सि. के. ओग्डेन को कार्यसँग सम्बन्धित रहेको छ। जो आइ. ए. रिचार्डससँग सहकार्य गरेर बेलायत-अमेरिकी अन्तर्राष्ट्रिय व्यापारिक अङ्ग्रेजी भाषा (ब्रिटिस अमेरिकन साइन्टिफिक इन्टरनेसनल कमर्सियलः बेसिक) विकास गर्ने विद्वान्का रूपमा सुपरिचित छन्। जसको (बेसिकको) नाभिकीय विशेषता सीमित शब्दभण्डारको प्रयोग गर्नु थियो।

अङ्ग्रेजीमा 'अप्लाइड लिङ्ग्विस्टिक्स' पदावलीका प्रथम प्रयोक्ता सम्भवतः लियोनोरा विल्हेल्मिना लकहार्ट हुन्। उनले सन् १९३१ मा *वर्ड इकनमीः अ स्टडी इन अप्लाइड लिङ्ग्विस्टिक्स* (word economy: A study in applied linguistics) नामक पुस्तकमा यस पदावलीको प्रयोग गरेकी हुन्। उक्त पुस्तकको प्रकाशनका लागि सि. के. ओग्डेनको अर्थोलोजिकल इन्स्टिच्युटद्वारा प्रायोजन गरिएको थियो। जहाँ उनी स्टाफ सदस्य थिइन्।

लकहार्टले 'अप्लाइड लिङ्ग्विस्टिक्स' पदावली प्रयोग गरेर भाषिक अनुसन्धानको प्रयोगात्मक मूल्य दर्साउँदै प्रायोगिक भाषावैज्ञानिकहरूको कार्यलाई वैधानिकता दिने प्रयासका रूपमा काम गरेको व्याख्या गरेकी छन् ।

उल्लिखित परम्परालाई दृष्टिगत गर्दा प्राचीन युरोपेली प्रायोगिक भाषाविज्ञानले भाषाको फिलोलजी र मानवतावादी धारणा (भाषा, साहित्य र संस्कृतिको अध्ययन गर्ने धारणा) बाट आफूलाई अलग तुल्याई वैज्ञानिक विधाका रूपमा स्थापित गराएको देखिन्छ । यो टिपोट गर्नु आवश्यक छ कि प्राचीन प्रायोगिक भाषाविज्ञानको क्षेत्र भाषाशिक्षणमा मात्र सीमित थिएन । यस परम्पराका बिचमा भाषाविज्ञानको यस्तो महत्वपूर्ण प्रयोग भएको छ जुन अन्तर्राष्ट्रिय एक्जुलरी भाषा (नोभिएल) को विकास हो । जसले अन्तर्राष्ट्रिय सञ्चारको आवश्यकतालाई बढाउने काम गऱ्यो । त्यस्तै यस समयको अर्को महत्वपूर्ण कार्य भाषासुधार हो । जसलाई सुधारवादीहरूद्वारा गरिएको शैक्षणिक कार्यका रूपमा लिइन्छ । जुन सन् १९४० को दशकमा अमेरिकामा प्रारम्भिक विकासको अवस्थामा रहेको प्रायोगिक भाषाविज्ञानका लागि समेत प्रभावशाली बन्यो भनिन्छ ।

## प्रायोगिक भाषाविज्ञानको अमेरिकी पृष्ठभूमि

वस्तुतः बिसौं शताब्दीको सुरुमा उत्तर अमेरिका अमेरिकी संरचनावादी भाषाविज्ञानसँग निकटस्थ रूपमा जोडिएको थियो । यस समयमा प्रायोगिक भाषाविज्ञान (अप्लाइड लिङ्ग्विस्टिक्स) प्रायः भाषावैज्ञानिक प्रयोग (लिङ्ग्विस्टिक्स अप्लाइड) का रूपमा देखापरेको थियो । साथै भाषाविज्ञानको अभिन्न अङ्गका रूपमा देखा परेको थियो । जसको कुनै पृथक् विधागत पहिचान थिएन । तत्समय भाषिक वर्णनलाई अमेरिकी मातृभाषाहरूमा बाइबलको अनुवाद गर्ने कार्यमा प्रयोग गरिएको थियो । वास्तवमा अमेरिकी मातृभाषीहरूलाई क्रिस्चियनमा रूपान्तरण वा अभिमुख गर्न यसो गरिएको थियो ।

सन् १९४० को दशकमा प्रायोगिक भाषाविज्ञानको भाषाशैक्षणिक अवधारणाले मानवशास्त्रीहरूलाई प्रशिक्षण दिनका लागि महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । यद्यपि यी गतिविधि संरचनात्मक भाषाविज्ञानको विकासका अभिन्न क्रियाकलाप थिए । तथापि प्रायोगिक भाषाविज्ञानले विद्यालयीय अङ्ग्रेजी शिक्षणका सन्दर्भमा, अङ्ग्रेजीबाहेकका विदेशी भाषा शिक्षणका सन्दर्भमा र अङ्ग्रेजी भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्ने सन्दर्भमा महत्वपूर्ण स्थान लियो, मान्यता पायो । संयुक्त राज्य अमेरिकाका विद्यालयहरूमा अङ्ग्रेजी पढाउने सन्दर्भमा भाषाविज्ञानदेखि भाषाशिक्षणतर्फ अन्तर्दृष्टि पुग्नुलाई प्रायोगिक भाषाविज्ञानको आरम्भिक विकासका रूपमा लिइन्छ । यस अभियानको नेतृत्व फ्रेड न्युटन (जो सन् १९११ मा स्थापित अङ्ग्रेजी शिक्षकहरूको राष्ट्रिय परिषदका संस्थापक अध्यक्ष थिए) र उनका विद्यार्थीद्वय स्टर्लिङ एन्ड्रूस लियोनार्ड र चार्ल्स सि. फ्राइजले गरेका थिए । यस समय विदेशी भाषाको शिक्षणमा भाषाविज्ञानको प्रयोग गर्ने प्रयास भएको देखिन्छ । वस्तुतः विदेशी

भाषाको शिक्षणका लागि प्रायोगिक भाषाविज्ञानको अवधारणाका अग्रणी समर्थक लियोनार्ड ब्लुमफिल्ड थिए। जो सुधार आन्दोलनबाट अत्यन्तै प्रभावित थिए। उनले भाषाशिक्षणका लागि भाषावैज्ञानिक प्रयोग (लिङ्ग्विस्टिक अप्लाइड) को दृष्टिकोणलाई कडाइका साथ अघि बढाएका थिए। ब्लुमफिल्डले सन् १९३० को दशकमा शिक्षण सामग्री विकास गर्न सुरु गरेका भए पनि उनको विचारले पढाइको महत्वलाई जोड दिएका विदेशी भाषाका शिक्षकहरूका बिचमा स्वीकृति प्राप्त गर्न ढिलो गऱ्यो। यद्यपि उनको प्रायोगिक भाषाविज्ञानसम्बन्धी दृष्टिकोणलाई अमेरिकी काउन्सिल अफ लर्न्ड सोसाइटीले अवलम्बन गऱ्यो। जसलाई क्षेत्रीय कार्यका लागि मानवशास्त्रीहरू तयार पार्नु पर्ने आवश्यकता थियो। साथै दोस्रो विश्वयुद्धका बेला सैन्य कर्मचारीहरूलाई भाषा विशेष प्रशिक्षण दिनुपर्ने आवश्यकता थियो। यसलाई दृष्टिगत गर्दा सेना विशेष प्रशिक्षण कार्यक्रमका लागि जग बसालिदिने काम पनि ब्लुमफिल्डबाटै भयो। अपितु यी कार्यक्रमहरू लामो समयसम्म भने चलेनन्। यद्यपि ब्लुमफिल्डको शिक्षण कार्यक्रमले दोस्रो विश्वयुद्धपछिको युगमा विदेशी भाषाको प्रशिक्षणमा महत्वपूर्ण प्रभाव भने पाऱ्यो। परिणामस्वरूप धेरै कलेज र उच्च विद्यालयहरूले भाषाको कार्यक्रम विकास गर्न थाले। यसबाहेक रुसी उपग्रह स्पुतनिक प्रक्षेपणपछि संयुक्त राज्य अमेरिकाको सरकारले अमेरिकीहरूका लागि विदेशी भाषाको शिक्षा विस्तार गर्ने र सुधार गर्ने कार्यमा नव र गहन चासो देखायो। सन् १९५८ को राष्ट्रिय सुरक्षा ऐनले शिक्षक तयारी कार्यक्रममार्फत ब्लुमफिल्डको दृष्टिकोण अपनायो। यस समय संयुक्त राज्य अमेरिकाको प्रायोगिक भाषाविज्ञानको प्रारम्भिक स्वरूप अङ्ग्रेजी भाषालाई दोस्रो भाषाका रूपमा सिकाउने सन्दर्भसँग सम्बन्धित रह्यो। सन् १९३० को दशकको बिचतिर मिसिगन विश्वविद्यालयका प्राध्यापक चार्ल्स फ्राइजको रुचि अङ्ग्रेजीलाई मातृभाषाका रूपमा सिकाउनेबाट दोस्रो भाषाका रूपमा सिकाउनेतर्फ मोडियो। उनको यो रुचि संयोगवशः अमेरिकाको त्यतिबेलाको विदेश नीतिसँग मिलेको देखिन्छ। जसले दोस्रो भाषा शिक्षणका लागि परियोजना र कोशको अवसर सिर्जना गरेको थियो।

सन् १९३९ मा संयुक्त राज्य अमेरिकाको विभाग र रकफेलर फाउन्डेसनद्वारा आयोजित आमन्त्रित सम्मेलनमा चार्ल्स फ्राइज र आइ ए रिचार्डसले ल्याटिन अमेरिकी विद्यार्थीहरूलाई अङ्ग्रेजी पढाउनका लागि प्रतिस्पर्धी दृष्टिकोणको प्रस्ताव प्रस्तुत गरे। फ्राइज र रिचार्डसद्वारा प्रस्तुत प्रस्तावमध्ये रिचार्डसले ओग्डेनसँग बसेर बनाएको आधारभूत अङ्ग्रेजीबाट प्रभावित दृष्टिकोण नछानिएर सुधारवादी आन्दोलनमा काम गरेका फ्राइजको प्रायोगिक भाषाविज्ञानसम्बन्धी दृष्टिकोण छानियो। यसको परिणामस्वरूप सन् १९४१ मा अमेरिकाको मिसिगन विश्वविद्यालयमा अङ्ग्रेजी भाषा संस्थान (इङ्लिस लर्निङ इन्स्टिच्युट) स्थापना गरियो (जसलाई चार्ल्स सि. फ्राइजले स्थापना गरेको संस्थाका रूपमा पनि उल्लेख गरिएको पाइन्छ) यो संस्था र यसको भाषा शिक्षणसम्बन्धी प्रायोगिक अवधारणा संयुक्त राज्य अमेरिकाका अतिरिक्त विश्वभर प्रभावकारी हुन पुग्यो। उपर्युल्लिखित प्राचीन, युरोपेली र अमेरिकी

पृष्ठभूमिलाई दृष्टिगत गर्दा प्रयोगिक भाषाविज्ञानको विकासका लागि पर्याप्त आधार सिर्जना भएको देखिन्छ । जसको परिणामस्वरूप प्रयोगिक भाषाविज्ञानको विकासले द्रुततर गति ग्रहण गऱ्यो ।

## प्रायोगिक भाषाविज्ञानको विकास

सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयले प्रायोगिक भाषाविज्ञानलाई अध्ययनको मान्यता प्राप्त क्षेत्रका रूपमा स्थान दिएसँगै प्रायोगिक भाषाविज्ञान स्वतन्त्र विषयका रूपमा स्थापित हुन पुग्यो । सन् १९४८ मा यस विश्वविद्यालयको रिसर्च क्लबद्वारा *ल्याङ्ग्वेज लर्निङः अ क्वाटर्ली जर्नल अफ अप्लाइड लिङ्ग्विस्टिक* (Language Learning: A Quarterly Journal of Applied Linguistic) नामक जर्नल प्रकाशित भएपछि प्रयोगिक भाषाविज्ञानका क्षेत्रमा नवीन हलचल पैदा भयो । यो जर्नल त्यस्तो जर्नल बन्न पुग्यो (जुन अहिले पनि निरन्तर प्रकाशित हुन्छ) जसले शीर्षकको भागका रूपमा 'अप्लाइड लिङ्ग्विस्टिक्स' पदावलीलाई पहिलोपल्ट संवहन गऱ्यो । त्यसपछि प्रायोगिक भाषाविज्ञान विश्वभर व्यापक बन्दै गयो । त्रैमासिक रूपमा प्रकाशित यस पत्रिकाले प्रकाशनको पहिलो दस वर्षमा पाठकको सङ्ख्यामा उल्लेख्य वृद्धि गरेको देखिन्छ । अर्थात् २०० अमेरिकीदेखि ७६ देशका १२०० जनासम्म यस पत्रिकाका सदस्य हुन पुगेको (पत्रिकालाई सब्स्क्राइब गरेको) तथ्य पाइन्छ । प्रयोगिक भाषाविज्ञानको विकासमा यस पत्रिकाले खोजअनुसन्धानको क्षेत्रका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरेको मानिन्छ । वस्तुतः सन् १९५० को दशकदेखि प्रायोगिक भाषाविज्ञान भाषाविज्ञानबाट अलग हुन थालेको देखिन्छ । मुख्य धारका भाषावैज्ञानिकहरू दैनिक जीवनमा प्रभाव पार्ने भाषा अध्ययनको विचारसँग असहज एवम् अमिल्दा देखिनुलाई यसको मुख्य कारण मानिन्छ । ल्याडो (सन् १९६०) का अनुसार सन् १९५० को दशकान्तमा प्रायोगिक भाषाविज्ञान भाषाविज्ञानको शाखाका रूपमा नभई अलग्गै शाखाका रूपमा चिनिन थाल्यो । यस समयमा मोर्डन ल्याङ्ग्वेज (सन् १९१६ मा स्थापित, नेसनल फेडरेसन अफ मोर्डन ल्याङ्ग्वेज रिसर्च एसोसिएसन अमेरिकाद्वारा प्रकाशित) जस्ता जर्नलहरूमा प्रायोगिक भाषाविज्ञान र भाषाशिक्षणका बिचको सम्बन्ध बारेमा पनि चर्चा प्रारम्भ भयो ।

प्रायोगिक भाषाविज्ञानलाई संस्थागत गर्ने सन्दर्भमा एउटा महत्वपूर्ण घटनाका रूपमा मिसिगन विश्वविद्यालयले आयोजना गरेको बैठकलाई लिने गरिन्छ । वास्तवमा यस विश्वविद्यालयको ल्याङ्ग्वेज लर्निङ इन्स्टिच्युटले सन् १९५० मा भाषाविज्ञान र भाषाशिक्षणमा आधारित वार्षिक गोलमेच बैठक गऱ्यो । यसको केही समयपछि जर्जटाउन विश्वविद्यालयमा भाषा शिक्षण ( ल्याङ्ग्वेज टिचिङ) पदावलीलाई छाडेर भाषा र भाषाविज्ञान शीर्षकमा बैठक सम्पन्न गरियो । यी बैठकहरूको प्रभावस्वरूप (खासगरी भाषा सिकाइसम्बन्धी अवधारणा र जर्जटाउन गालेमेच बैठकको प्रभाव) सन् १९५६ मा बेलायतको एडिनबर्ग विश्वविद्यालयले स्नातकोत्तर कार्यक्रमका रूपमा प्रायोगिक भाषाविज्ञानको विद्यालय स्थापना गऱ्यो । जसका प्रथम निर्देशक

जे. सी. क्याटफोर्ड थिए । यसले इडिनबर्ग कोर्स इन अप्लाइड लिङ्ग्विस्टिक्स नामक चार खण्डको पाठ्यपुस्तक श्रृङ्खला (सेरिज) तयार पाऱ्यो । पछि यस विश्वविद्यालयका सङ्काय सदस्यहरू : एस. पिट. कर्डर, एलन डेभिस, पिटर स्ट्रेभन्स र हेनरी विडोसनले प्रायोगिक भाषाविज्ञानको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरे । यसै समयमा अर्थात् सन् १९५७ मा प्रकाशित रोबर्ट ल्याडोको 'लिङ्ग्विस्टिक्स अक्रोस कल्चर' ले पनि प्रायोगिक भाषाविज्ञानको विकासमा मद्दत पुऱ्यायो ।

प्रायोगिक भाषाविज्ञानप्रति संयुक्त राज्य अमेरिका र बेलायतको चासोका कारण फोर्ड फाउन्डेसन नामक संस्थाले सन् १९५७ मा भाषाविज्ञान र विदेशी भाषाका रूपमा अङ्ग्रेजीको शिक्षणसम्बन्धी सम्मेलनका लागि अनुदान प्रदान गऱ्यो । अमेरिकाको भाषावैज्ञानिक समाज र बेलायतको रिसर्च काउन्सिलसँग सम्बन्धित कन्फरेन्स बोर्डद्वारा सञ्चालित उक्त सम्मेलनले सन् १९५९ मा चार्ल्स फर्ग्युसन निर्देशक रहेको सेन्टर फर अप्लाइड लिङ्ग्विस्टिक्स (CAL) नामक संस्था गठन गऱ्यो । यो केन्द्र सन् १९६४ मा स्वतन्त्र सङ्गठनका रूपमा स्थापित भयो । यसको प्रारम्भिक लक्ष्य अङ्ग्रेजी शिक्षण लगायत भाषाप्रयोगका समस्याहरू समाधानका लागि कार्य गर्नु थियो । यससँगै प्रायोगिक भाषाविज्ञानको दायरा फराकिलो हुँदैगयो । बेलायत र संयुक्त राज्य अमेरिकाबाहिर पनि थालिएको अङ्ग्रेजी भाषाको शिक्षणले संसारका विभिन्न क्षेत्रमा प्रायोगिक भाषाविज्ञानलाई गति दिन महत्वपूर्ण भूमिका निर्वाह गऱ्यो । सन् १९६४ मा फ्रान्समा अप्लाइड लिङ्ग्विस्टिक्ससँग सम्बन्धित विभिन्न देशका संघ संस्थाहरूको संघका रूपमा इन्टरनेसनल एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स [Association Internationale de la Linguistique Applique ´e (AILA)] नामक संस्थाको गठन भयो । जसले इन्टरनेसनल रिभ्यु अफ अप्लाइड लिङ्ग्विस्टिक्स जर्नल समेत प्रकाशित गऱ्यो ।

सन् १९६६ मा संयुक्त राज्य अमेरिकामा अङ्ग्रेजी भाषा सिकाउने पेसाकर्मीहरूका लागि 'अरु भाषाका वक्ताका लागि अङ्ग्रेजीका शिक्षक' (Teachers of English to Speakers of Other Languages : TESOL) नामक संस्था स्थापित भयो । साथै यसै वर्ष TESOL त्रैमासिकको पनि प्रकाशन सुरु भयो । सन् १९६७ मा ब्रिटिस एसोसिएसन फर अप्लाइड लिङ्ग्विस्टिक्स (BALL) नामक संस्था देखापऱ्यो । जसले प्रायोगिक भाषाविज्ञानको क्षेत्रमा अनुसान्धानात्मक कार्य गऱ्यो । यस संस्थाले सन् १९६९ मा AILA को दोस्रो बैठकको प्रायोजनसमेत गऱ्यो । यसपछि प्रयोगिक भाषाविज्ञानले सैद्धान्तिक र विधिगत अन्तर्दष्टिको लागि भाषाभन्दा बाहिरका विधागत क्षेत्रहरू खोजी गर्न थाल्यो । यस क्रममा विशेषतः मनोविज्ञान र मावशास्त्रको खोजी प्रारम्भ गरियो । तथापि सन् १९५१ मै मनोवैज्ञानिक जोन बि क्यारेलले जर्जटाउनमा भएको दोस्रो गोलमेच बैठकमा भाषाको अध्ययन र सिकाइ सम्बन्धमा शैक्षिक मनोविज्ञानको भूमिका प्रस्तुत गरेका थिए ।

सन् १९६७ मा ल्याङ्ग्वेज लर्निङले आधिकारिक रूपमा अन्य विषयसँग सम्बन्धित लेख प्रकाशन गर्न चाहेको कुरा घोषणा गऱ्यो। यस समयमा प्रायोगिक भाषाविज्ञानको अर्थ विस्तारका क्रममा भाषाशिक्षणसँग सम्बन्धित समस्यालाई व्यापक रूपमा परिभाषित गरियो। जसअन्तर्गत पहिलो भाषा आर्जन, द्विभाषिकता, अनुवाद, समाजशास्त्र, मनोविज्ञान, लेखन प्रणाली र भाषा नीति समेटियो। यद्यपि भाषाविज्ञानको सिद्धान्त प्रयोगका रूपमा प्रायोगिक भाषाविज्ञानको दृष्टिकोण भने कायमै रह्यो। यसबखत भूगोल, शब्दकोश, चिकित्सा, इन्जिनियरिङ, भाषा शिक्षा लगायतका क्षेत्र पनि विस्तार भइसकेका थिए। प्रायोगिक भाषाविज्ञानको क्षेत्र विस्तार सन् १९६९ मा इङ्ल्यान्डमा भएको AILA बैठकबाट थप स्पष्ट भयो। जसले साहित्यिक पाठहरूको भाषावैज्ञानिक विश्लेषण, पाठको कम्प्युटर विश्लेषण, पहिलो भाषा सिकाइको मनोविज्ञान, दोस्रो भाषा सिकाइको मनोविज्ञान, वाक् अनुसन्धान, भाषा सिकाइ प्रविधि, भाषाशिक्षण सामग्री, भाषाशिक्षण विधि, भाषिक विचलन र थेरापी, कोशविज्ञान, भाषिक परीक्षण, त्रुटिविश्लेषण, अनुवाद, व्यतिरेकी विश्लेषण र सामाजिक भाषाविज्ञानलाई आफ्नो क्षेत्रका रूपमा समाहित गऱ्यो।

सन् १९७३ मा ल्याङ्ग्वेज लर्निङ्को सम्पादक बोर्डले प्रयोगिक भाषाविज्ञानको सर्वेक्षणलाई प्रकाशित गर्ने विचार गऱ्यो। त्यसको तिन वर्षपछि रोनाल्ड वारधौग र एच. डगलसको सम्पादकत्वमा 'अ सर्भे अफ अप्लाइड लिङ्ग्विस्टिक्स' प्रकाशित भयो। जसले भाषाको विकास, पहिलो भाषा शिक्षण, अर्थोग्राफी, पढाइ, दोस्रो भाषा सिकाइ, दोस्रो भाषाशिक्षण, द्विभाषिकता, द्वन्द्वात्मकता, भाषा र समाज, साहित्य, भाषिक विचलन, भाषिक परीक्षणसहितका विस्तृत शीर्षकहरू समेट्यो। यसमा समावेश गर्नका लागि अन्य शीर्षकहरूमा पनि विचार गरियो तर ठाउँ अभावका कारण हटाइयो। जसअन्तर्गत अनुवाद, मनोभाषाविज्ञान, प्रयोगात्मक ध्वनिविज्ञान, प्राणी सञ्चार, बाह्य भाषा सञ्चार र भाषा योजनाहरू रहेका थिए। सन् १९७३ मा एच. डगलस. ब्राउन, एस. पिट. कर्डर, पउल हाल्टमान, रोबर्ट बि. कप्लान, बर्नाड स्पोल्स्की, पिटर स्ट्रभेन्स, टोनी रब्सन र जी रिचर्ड टकर लगायतका प्रायोगिक भाषावैज्ञानिकहरूको एउटा समूह TESOL सम्मेलनमा सहभागी भए र छुट्टै सङ्गठन निर्माणका बारेमा छलफल गर्न थाले। अन्तरालमा अमेरिकी भाषा समाजले प्रायोगिक भाषाविज्ञानको उपविभाग सिर्जना गऱ्यो। यसै समयमा एस. पिट. कर्डरको इन्ट्रोड्युसिङ् अप्लाइड लिङ्ग्विस्टिक्स नामक पुस्तक पनि प्रकाशित भयो।

सन् १९७५ मा विशेष रुचि समूहहरू र प्रायोगिक भाषाविज्ञानलाई अनुभूति दिन TESOL को विधान संशोधन गरियो। जुन पछि गएर प्रायोगिक भाषाविज्ञान रुचि समूह सिर्जना भयो। जसको पहिलो अध्यक्ष बोर्नाड स्पाल्स्की बने। त्यसैगरी सन् १९७६ मा द अप्लाइड लिङ्ग्विस्टिक्स एसोसिएसन अफ अस्ट्रेलियाले अस्ट्रेलियन जर्नल अफ अप्लाइड लिङ्ग्विस्टिक्स प्रकाशित गऱ्यो। जसको स्थापना सिड्नी विश्वविद्यालयका रस स्टिलको अध्यक्षतामा भएको थियो।

सन् १९७७ मा अमेरिकन एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्सको स्थापना भयो। यससँगै प्रायोगिक भाषाविज्ञानको क्षेत्रमा व्यापक अध्ययन हुन थाल्यो। साथै यसै वर्ष TESOL सम्मेलनले एउटा प्यानल प्रायोजित गऱ्यो। उक्त प्यानलले प्रायोगिक भाषाविज्ञानको क्षेत्र अन्वेषण गऱ्यो। जुन सन् १९८० मा रोबर्ट कप्लानको सम्पादकत्वमा 'अन द स्कोप अफ अप्लाइड लिङ्ग्विस्टिक्स' नाममा प्रकाशित भयो। यसमा योगदान गर्नेहरूमा उत्तरी अमेरिका र बेलायतका प्रख्यात र प्रभावशाली विद्वान्हरू : एडवर्ड एम. एन्थोनी, थोमस बकिङ्गम, एस. पिट. कर्डर, डेभिड इ. एस्की, रोबर्ट कप्लान, स्टिफन क्रेसन, जोन ओलर, जोए डार्बिन पाल्मर, पिटर स्ट्रभेन्स, बर्नाड स्पोल्स्की र हेनरी विडोसन। तथा दक्षिण अमेरिकाका फ्रान्सिस्को गोम्स दि मतोस थिए। त्यसो त अस्ट्रेलियाली प्रायोगिक भाषाविज्ञानको परम्परामा (जुन १९६० को दशकमा सुरु भयो) आप्रवासीको लागि भाषाशिक्षा र विदेशी भाषाका रूपमा फ्रेन्च र जर्मनलाई जोड दिइयो। पछि अस्ट्रेलियामा मूल अङ्ग्रेजी वक्ता र आदिवासी बालबालिकाहरूको शिक्षामा जोड दिन थालियो। यस परम्परामा संयुक्त राज्य अमेरिकाको तुलनामा भाषाविज्ञानको विस्तृत व्याख्या गरिएको थियो। यस कार्यमा माइकल क्लिन, माइकल हालिडेजस्ता भाषावैज्ञानिकहरूको विशेष भूमिका रहेको थियो। यस अतिरिक्त अस्ट्रेलियामा टेरी क्विन र किथ होरउडले अस्ट्रेलियन प्रायोगिक भाषाविज्ञानका लागि अझ राम्रो शैक्षणिक दृष्टिकोण प्रस्तुत गरेको मानिन्छ।

प्रायोगिक भाषाविज्ञानको क्षेत्र व्यापक हुँदैजाँदा यसको विस्तार यसको दायरामा मात्र सीमित नरही भौगोलिक रूपमा पनि विस्तीर्ण भयो। सन् १९८० को दशकमा प्रायोगिक भाषाविज्ञानसम्बद्ध सङ्घसंस्थाहरू युरोप र उत्तरी अमेरिकाबाहिरका देशहरूसहित विश्वका विभिन्न क्षेत्रमा स्थापना हुन थाले। [उदाहरणका लागि, आइरिस एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९७५), अप्लाइड लिङ्ग्विस्टिक्स एसोसिएसन अफ कोरिया (सन् १९७८), ग्रीक अप्लाइड लिङ्ग्विस्टिक्स एसोसिएसन (सन् १९८०), हङ्कङ् एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९८०), जापान एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९८२), अप्लाइड लिङ्ग्विस्टिक्स एसोसिएसन अफ ब्राजिल (सन् १९९०) आदि, नेपालका सन्दर्भमा प्रयोगिक भाषाविज्ञानसम्बद्ध संस्थाका रूपमा 'नेपलिज एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स' (NAAL) को स्थापना भएको भए पनि हाल यो अस्तित्वमा रहेको देखिदैन। यद्यपि अङ्ग्रेजी भाषा शिक्षकरुको पेसागत संगठनका रूपमा 'नेपाल इङ्लिस ल्याङ्ग्वेज टिचर एसोसिएसन' (NELTA) चाहिँ गतिशील रहेको देखिन्छ]

सन् १९९३ मा *ल्याङ्ग्वेज लर्निङ्* पत्रिकाका सम्पादकहरूले भूमिकामार्फत भाषिक मुद्दा वा विषयको अध्ययनका लागि सैद्धान्तिक आधार र अनुसन्धान विधिसम्बन्धी सामग्रीलाई प्राथमिकता दिने कुरा अघि सारे। यस क्रममा सैद्धान्तिक र ऐतिहासिक अध्ययनका सिद्धान्त र विधालाई समावेश गरी बहुविधात्मकतालाई समेट्ने दृष्टिकोणसहित प्रायोगिक भाषाविज्ञानका विभिन्न क्षेत्रहरू उल्लेख गरियो। सन् २००० को दशकपछि प्रायोगिक भाषाविज्ञान

भाषाविज्ञानकै समानान्तर स्तरमा विकसित हुन पुगेको छ। सम्प्रति यसले भाषिक अध्ययन, अनुसन्धानलाई जोड दिँदै कार्यमूलक अनुसन्धान, प्राज्ञिक विधामा व्यवहृत भाषाको विश्लेषण, आलोचनात्मक अध्ययनको भूमिका, विद्यालय, समाज र कार्य क्षेत्रमा द्विभाषिक, बहुभाषिक अन्तर्क्रिया, क्षेत्रीय र राष्ट्रिय भाषा नीति, भाषिक परीक्षण र मूल्याङ्कनसम्बन्धी परिवर्धित अवधारणा, अनुसन्धान र अभ्यासका बिचको समन्वय लगायतका विविध क्षेत्रमा आफूलाई समुन्नत तुल्याएको छ। उल्लिखित रूपमा विकसित हुँदै आएको प्रयोगिक भाषाविज्ञानको विकासक्रमलाई भाषावैज्ञानिक कुक (सन् २००५) ले समग्रतः तिन चरणमा वर्गीकरण गरेको पाइन्छ : पहिलो चरण (सन् १९५० को दशकदेखि १९८४ को मध्यसम्म), दोस्रो चरण (सन् १९८४ को मध्यदेखि १९९० को मध्यसम्म), तेस्रो चरण (सन् १९९० को मध्यदेखि हालसम्म)। जसको सङ्क्षिप्त चर्चा निम्नानुसार गरिएको छ :

### (क) पहिलो चरण (सन् १९५० को दशकदेखि १९८४ को मध्यसम्म)

प्रायोगिक भाषाविज्ञानको पहिलो चरण आधारभूत चरणका रूपमा देखापर्छ। यस चरणमा युरोपेली र अमेरिकी प्रायोगिक परम्पराको महत्वपर्ण स्थान रहेको देखिन्छ। यस बखत भाषासम्बद्ध विषयवस्तु जनाउन 'अप्लाइड लिङ्ग्विस्टिक्स' पदावलीको प्रयोग गरिनुका साथै प्रायोगिक भाषाविज्ञानको प्रकृति र क्षेत्रसमेत परिभाषित हुन पुगेको देखिन्छ। एस. पिट कर्डरको इन्ट्रोड्युसिङ अप्लाइड लिङ्ग्विस्टिक्स नामक पुस्तक पनि यसै समय प्रकाशित भएको पाइन्छ। यस चरणमा ब्लुमफिल्ड, चम्स्की, हालिडे लगायतका आधुनिक भाषावैज्ञानिकहरूबाट आवश्यक विचार र विधि ग्रहण गरिएको देखिन्छ।

### (ख) दोस्रो चरण (सन् १९८४ को मध्यदेखि १९९० को मध्यसम्म)

प्रायोगिक भाषाविज्ञानको दोस्रो चरण विकासशील चरणका रूपमा देखा पर्छ। यस चरणमा भाषावैज्ञानिक विडोसनले प्रायोगिक भाषाविज्ञान (अप्लाइड लिङ्ग्विस्टिक्स) र भाषावैज्ञानिक प्रयोग (लिङ्ग्विस्टिक्स अप्लाइड) का बिचको भिन्नता औंल्याएको पाइन्छ। यस चरणमा प्रायोगिक भाषाविज्ञानको क्षेत्र थप विस्तृत हुनुका साथै महत्वपूर्ण संस्थाको रूपमा इन्टरनेसनल एसोसिएसन अफ अप्लाइड लिङ्ग्विस्टिक्स (AILA) को स्थापना भएको देखिन्छ। यस बखत प्रायोगिक भाषाविज्ञानका शाखाहरूले अलग्गै पहिचान खोजी गर्न थालेको देख्न सकिन्छ। यस चरणलाई विडोसन, ब्रुम्फिट, कप्लान, कुक लगायतका भाषावैज्ञानिकहरूको अघि बढाएको मानिन्छ।

### (ग) तेस्रो चरण (सन् १९९० को मध्यदेखि हालसम्म)

प्रायोगिक भाषाविज्ञानको तेस्रो चरण विकसित चरणका रूपमा देखा पर्छ। वस्तुत यस चरणलाई प्रायोगिक भाषाविज्ञानको अनुसन्धान चरणका रूपमा लिइएको छ। यस चरणमा प्रयोगिक भाषाविज्ञान वास्तविक संसारका भाषा प्रयोगगत समस्याहरूको सैद्धान्तिक र

प्रयोगात्मक अध्ययन, अनुसन्धानतर्फ अभिमुख भएको देखिन्छ । यस समयमा प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरूले स्वतन्त्र स्तर ग्रहण गर्न थालेका छन् । जस्तै, सामाजिक भाषाविज्ञान, मनोभाषाविज्ञान, दोस्रो भाषा आर्जन आदि । उसो त यस चरणमा प्रायोगिक भाषाविज्ञानलाई आलोचनात्मक प्रयोगिक भाषाविज्ञानका रूपमा पनि हेर्न थालिएको छ । यस चरणलाई डेभिस, सम्प्रति प्रायोगिक भाषाविज्ञान आलोचनात्मक प्रयोगिक भाषाविज्ञान, कर्पस विश्लेषण, व्यापक सञ्चारका लागि भाषाजस्ता नवीन दिशामा अभिमुख भएको छ । अपितु अन्तर्विधात्मकता, वैचारिक एकरूपता, व्याख्या विश्लेषणका लागि साझा ढाँचाको निर्धारण लगायतका सन्दर्भमा चाहिँ चुनौती थपिएको छ ।

## निष्कर्ष

प्रायोगिक भाषाविज्ञानको पृष्ठभूमि र विकासको अध्ययन विश्लेषण गर्दा विभिन्न तथ्यहरू पाउन सकिन्छ । वस्तुतः प्रायोगिक भाषाविज्ञानको उत्पत्ति सन् १९४१ मा अमेरिकाको मिसिगन विश्वविद्यालयमा 'इङ्लिस ल्याङ्ग्वेज इन्स्टिच्युट' को स्थापना भएसँगै प्रारम्भ भएको देखिन्छ । यसको ऐतिहासिक प्राचीनता प्राचीन समयमा गरिएका व्याकरणिक (ग्रामेटिककल) र वाक्सौन्दर्यात्मक/आलङ्कारिक (रिटोरिकल) अध्ययनसँग सम्बन्धित रहेको पाउन सकिन्छ । प्रायोगिक भाषाविज्ञान सामान्य भाषाविज्ञानसँग सम्बन्धित भएर १९ औं शताब्दीदेखि युरोपमा र बिसौं शताब्दीको सुरुदेखि अमेरिकामा भाषावैज्ञानिक प्रयोगका रूपमा व्यवहृत भएको देख्न सकिन्छ । विकासक्रमिक दृष्टिले अवेक्षण गर्दा सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयले प्रायोगिक भाषाविज्ञानलाई अध्ययनको मान्यता प्राप्त क्षेत्रका रूपमा स्थान दिएसँगै यो स्वतन्त्र विषयका रूपमा स्थापित हुन पुगेको देखिन्छ । यसको विकासक्रमिक रूपरेखालाई सन् १९५० को दशकदेखि १९८४ को मध्यसम्म पहिलो चरण, सन् १९८४ को मध्यदेखि १९९० को मध्यसम्म दोस्रो चरण र सन् १९९० को मध्यदेखि हालसम्म तेस्रो चरणका रूपमा वर्गीकरण गरी चर्चा गर्न सकिन्छ । प्रस्तुत लेख प्रायोगिक भाषाविज्ञान र यससम्बद्ध विषयवस्तु अध्यापनरत शिक्षक, अध्ययनरत विद्यार्थी तथा यस क्षेत्रमा अध्ययन, अन्वेषण गर्न चाहने अन्वेषक एवम् रुचिकरहरूका लागि उपयोगी हुने अपेक्षा गरिएको छ ।

## सन्दर्भसामग्री सूची

कुक, जी. (सन् २००५), *अप्लाइड लिङ्ग्विस्टिक्स* : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

क्याटफोर्ड, जे. सी. (सन् १९९८), ल्याङ्ग्वेज लर्निङ् एन्ड अप्लाइड लिङ्ग्विस्टिक्सः अ हिस्टोरिकल स्केच, *ल्याङ्ग्वेज लर्निङ्,* ४८ (४०), पृपृ. ४६५-४९६ ।

क्यानडी, जी. ए. (सन् १९९८), *कम्प्यारेटिभ रेटोरिकः एन हिस्टोरिकल एन्ड क्रस कल्चरल इन्ट्रोडक्सन* : अक्स्फोर्ड युनिभर्सिटी प्रेस ।

ग्रेगर्सन, एफ. (सन् १९९१), रिलेसनसिप बिटुबिन लिङ्ग्विस्टिक्स एन्ड अप्लाइड लिङ्ग्विस्टिक्सः सम डेनिस इक्जाम्पल्स, आर. फिलिप्सन, इ. किलरमेन, एल सिलिङ्कर, स्मिथ एम. सरुड र एम. स्वाइन (सम्पा.), *फरेन/सेकेन्ड ल्याङ्ग्वेज पेडागोजी रिसर्च* : मल्टिलिङ्गुअल म्याटर्स ।

डिभाइस ए. र क्याथ्रिन इ. (सम्पा.), (सन् २००४), *ह्यान्डबुक अफ अप्लाइड लिङ्ग्विस्टिक्स* : ब्ल्याकवेल ।

पासी, पी. (सन् १९२९), *लफोन टिकट्स एप्लिकेसन* : इन्टरनेसनल फोनेटिक एसोसिएसन ।

ल्याडो, (सन् १९६०) *न्यु प्रस्पेक्टिभ्स इन ल्याङ्ग्वेज लर्निङ* : किगन पउल ।

भुसाल, केशव (२०७०) *सामान्य र प्रायोगिक भाषाविज्ञान* : पाठशाला पब्लिकेसन ।